लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज, बाँके

☎०८१-५५०२८१
website :sddobanke.lumbini.gov.np
Email : sddobanke@gmail.com

प.सं.:- २०८१/०८२
च.नं. :- ६५८

मिति :- २०८१/११/१३

**विषय :- छात्रवृत्तीको लागि विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय र क्याम्पसहरु सबै,
बाँके र बर्दिया जिल्ला ।

प्रस्तुत विषयमा शिक्षा तथा सामाजिक विकास निदेशनालय राप्ती उपत्यका (देउखुरी) दाङको प.सं. २०८१/०८२, च.नं. ३३७, मिति २०८१/११/१३ गतेको प्राप्त पत्रानुसार कक्षा ११ र १२ तथा उच्च शिक्षा छात्रवृत्ती उपलब्ध गराउने प्रयोजनको लागि विद्यार्थीहरुको विवरण संकलन गर्ने भनि आएको हुँदा सम्बन्धित विद्यालय तथा क्याम्पसहरुले यस कार्यालयको वेभसाइट **https://sddobanke.lumbini.gov.np/** मा उपलब्ध भएको ढाँचामा विवरण प्रमाणित गरी प्रमाणित प्रति र विद्युतीय प्रति समेत उपलब्ध गराइदिनु हुन अनुरोध छ। साथै छात्रवृत्ती सम्बन्धी सूचना यसै पत्र साथ संलग्न गरिएको तथा यस कार्यालयको वेभसाइटमा समेत राखिएको व्यहोरा जानकारी गराइन्छ ।

उद्धव प्रसाद श्रेष्ठ
निमित्त कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

प.सं :- २०८१/८२ मिति : २०८१।११।१३

च.नं :- ३३६

**बिषय : सूचना प्रकाशन तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।**

**श्री सामाजिक विकास डिभिजन कार्यालय सबै, लुम्बिनी प्रदेश।**

प्रस्तुत विषयमा यस आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यसै पत्र साथ संलग्न छात्रवृत्ति सम्बन्धी सूचना तहाँको वेवसाइटमा प्रकाशन गरी कार्यान्वयन गर्नु हुन अनुरोध छ। साथै संलग्न ढाँचामा विवरण प्रमाणित गरी प्रमाणित प्रति र विद्युतीय प्रति समेत उपलब्ध गराउनु हुन अनुरोध छ।

२०८१।११।१३

रेस्मी राज अर्याल

नि. महानिर्देशक

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक बिकास निर्देशनालय

राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

प.सं :- २०८१/८२
च.नं :- **(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।११।१२)**

**श्री लुम्विनी प्रदेशभित्र विज्ञान विषय सञ्चालन गरेका सामुदायिक क्याम्पसहरु सवै**
**श्री लुम्विनी प्रदेशभित्र विज्ञान विषय सञ्चालन गरेका आङ्गिक क्याम्पसहरु सवै**

**विषय : विज्ञान विषयमा उच्च शिक्षा अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पस तथा विश्वविद्यालयका आङ्गिक क्याम्पसहरुमा स्नातक/स्नातकोत्तर तहमा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित क्याम्पसहरुले सूचना प्रवाह गरी विद्यार्थीहरुबाट यो सूचना जारी भएको मितिले ३० दिन भित्र निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरि एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र
२. अन्य कुनै क्षेत्रवाट छात्रवृत्ति नपाएको व्यहोराको क्याम्पसको पत्र
३. स्नातक/स्नातकोत्तर तहमा विज्ञान विषयमा कम्तिमा ७० प्रतिशत हाजिरी भई नियमितरुपमा अध्ययनरत रहेको व्यहोराको क्याम्पसको सिफारिस
४. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने/नागरिकताको प्रमाणपत्र
५. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)
६. सम्बन्धित क्याम्पसको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको स्पष्ट बुझिने फोटोकपी)

रेस्मी राज अर्यालय
नि. महानिर्देशक
**नि. महानिर्देशक**

**बोधार्थ:**
**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका क्याम्पसहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत यस निर्देशनालयमा पठाइदिनुहुन ।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१
२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६
३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३
४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४
५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

प.सं :- २०८१/८२

च.नं :-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।११।१२)*

**श्री लुम्विनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरु सवै**

**विषय: उच्च शिक्षा छात्रवृत्ति सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनि प्रदेश अन्तर्गतका सामुदायिक क्याम्पसहरुमा स्नातक तथा स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीका लागि देहाय बमोजिम विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामुदायिक क्याम्पसहरुले छात्रवृत्ति प्राप्त गर्ने आवश्यक आधार र प्रमाण खुल्ने कागजातहरु सहित विद्यार्थीहरुबाट निवेदन माग गरी प्राप्त निवेदन र अन्य आबश्यक कागजात सहित देहायका मध्ये कुन प्रकारको छात्रवृत्ति प्राप्त गर्ने हो यकिन एवं प्रमाणित गरी एकमुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा आइपुग्ने गरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। एकमुष्ट विवरण प्राप्त भए पश्चात छात्रवृत्तिको वितरण प्रक्रिया उच्च शिक्षामा विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०७६ (तेस्रो संशोधन २०७९ समेत) बमोजिम हुनेछ।

**सामुदायिक क्याम्पसमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई उपलब्ध हुने छात्रवृत्ति विवरण**

(क) दलित विद्यार्थी छात्रवृत्ति

(ख) जनजाति विद्यार्थी छात्रवृत्ति

(ग) महिला विद्यार्थी छात्रवृत्ति

(घ) मधेशी विद्यार्थी छात्रवृत्ति

(ङ) मुस्लिम विद्यार्थी छात्रवृत्ति

(च) द्वन्द पीडित विद्यार्थी छात्रवृत्ति

(छ) अपाङ्ग विद्यार्थी छात्रवृत्ति

(ज) वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्ति

(झ) सिमान्तकृत एवं अल्पसङ्ख्यक विद्यार्थी छात्रवृत्ति

## छात्रवृत्ति प्राप्त गर्ने आधार तथा पेश गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीको निवेदन पत्र

२. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने।

३. जनजाति छात्रवृत्तिको लागि जनजातिको सूचिमा सूचिकृत जनजाति हुनुपर्नेछ।

४. अपाङ्ग छात्रवृत्तिका लागि क, ख, ग, घ श्रेणीको अपाङ्ग परिचयपत्रको प्रतिलिपि।

५. द्वन्द पीडित र वेपत्ता पारिएका व्यक्ति तथा सहिद परिवार तथा घाइते वा निजको सन्तति छात्रवृत्तिको लागि द्वन्द्वको अवधिमा द्वन्द्वका कारणबाट मृत्यु भएका तथा द्वन्द्वको क्रममा पचास प्रतिशत भन्दा बढी अपाङ्ग, अङ्ग भङ्ग भएका वा घाइते वा वेपत्ता भएका व्यक्तिहरुको शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा निर्धारण गरिएका व्यक्तिका सन्तति हुनुपर्नेछ। द्वन्द्व पीडित छात्रवृत्तिका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी भएको द्वन्द्व प्रभावित भएको प्रमाणपत्रको प्रतिलिपि।

६. सहिदका छोराछोरीको लागि नेपाल सरकारबाट सहिद घोषणा गरिएका व्यक्तिका सन्तति हुनुपर्ने।

७. अल्पसंख्यक छात्रवृत्तिका लागि नेपाल सरकारको अल्पसंख्यक जातिको सूचिमा सूचिकृत भएका जातजातिका सन्तान।
८. मधेशी विद्यार्थी छात्रवृत्तिका लागि मधेशी प्रमाणित भएको प्रमाण पेश गर्नुपर्ने।
९. क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित क्याम्पसको सिफारिस
१०. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित क्याम्पसको सिफारिस पत्र
११. उमेरको हद ३० वर्ष ननाघेको हुनुपर्ने।
१२. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)
१३. सम्बन्धित सामुदायिक क्याम्पसको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको स्पष्ट बुझिने फोटोकपी)

२०७९।११।१२

रेस्मी राज अर्यालय
नि. महानिर्देशक

**नि. महानिर्देशक**

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका सामुदायिक क्याम्पसहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एकमुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत यस निर्देशनालयमा पठाइदिनुहुन।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१
२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६
३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३
४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४
५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

प.सं :- २०८१/८२
च.नं :-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।११।१२)*

**श्री लुम्विनी प्रदेश भित्र सञ्चालित आङ्गिक क्याम्पसहरु सवै**
**श्री लुम्विनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरु सवै**

**विषय : मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्राहरुलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्रका सामुदायिक तथा आङ्गिक क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा उच्च शिक्षा अध्ययनरत **मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्राहरुलाई** उच्च शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित क्याम्पसहरुले सूचना प्रवाह गरी यो सूचना जारी भएको मितिले ३० दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरी एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र
२. स्नातक तहको छात्रवृत्तिका लागि कक्षा १२ उत्तीर्ण गरेको र स्नातकोत्तर तहको छात्रवृत्तिका लागि स्नातक उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि
३. क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित क्याम्पसको सिफारिस
४. मुक्त कमैया वा कम्लहरी छात्रवृत्तिका लागि सरकारी निकायबाट जारी भएको प्रमाणपत्र/परिचयपत्र/सिफारिसपत्रको प्रमाणित प्रतिलिपि
५. मुस्लिम र सिमान्तकृत छात्रवृत्तिका लागि सो जातिभित्र सूचिकृत भएको सम्बन्धी सरकारी निकायबाट जारी प्रमाणपत्र/सिफारिस पत्र
६. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित क्याम्पसको सिफारिस पत्र
७. लुम्बिनी प्रदेशमा स्थायी बासिन्दा भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
८. आवासीय छात्रवृत्तिको हकमा अविवाहित रही अभिभावक तथा घरवार विहिन भई छात्रावासमा बसी अध्ययन गरिरहेको र बेरोजगार रहेको व्यहोराको सम्बन्धित स्थानीय तह र सम्बन्धित छात्रावासको सिफारिस।
९. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)
१०. सम्बन्धित क्याम्पसको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको स्पष्ट बुझिने फोटोकपी)

२०८१।११।१२
रेस्मी राज अर्यालय
नि. महानिर्देशक
**नि. महानिर्देशक**

**बोधार्थ:**
**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका क्याम्पसहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत निर्देशनालयमा पठाइदिनुहुन।

**सम्पर्क:**
१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१
२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६
३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३
४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४
५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०
६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५

लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं :- २०८१/८२

च.नं :-

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।११।१२*

**श्री कक्षा ११ र १२ मा विज्ञान विषय सञ्चालन गरेका सामुदायिक विद्यालयहरु सवै (लुम्बिनी प्रदेश)**

**विषय : कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा आ.व. २०८१।८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित विद्यालयहरुले सूचना प्रवाह गरि यो सूचना जारी भएको मितिले ३० दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरी प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरि एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र

२. कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ को र कक्षा ११ को छात्रवृत्तिका लागि एस.इ.इ. को प्रमाणपत्रको प्रतिलिपि

३. सामुदायिक विद्यालयको कक्षा ११ वा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र कम्तीमा ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस

४. अन्य कुनै क्षेत्रवाट छात्रवृत्ति नपाएको व्यहोराको विद्यालयको पत्र

५. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

६. सम्बन्धित सामुदायिक विद्यालयको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको स्पष्ट बुझिने फोटोकपी)

०८१।११।१२

रेस्मी राज अर्यालय

नि. महानिर्देशक

**नि. महानिर्देशक**

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत निर्देशनालयमा पठाइदिनुहुन ।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१

२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६

३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३

४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४

५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०

६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

प.सं :- २०८१/८२
च.नं :-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।११।१२)*

**श्री कक्षा ११ र १२ सञ्चालन गरेका सामुदायिक विद्यालयहरु सबै (लुम्बिनी प्रदेश)**

**विषय : सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति सम्बन्धी सुचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्रका **सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत मुक्त कमैया, कम्लहरी, मुस्लिम र दलित समुदायका छात्राहरुका लागि छात्रवृत्ति** उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित विद्यालयहरुले सूचना प्रवाह गरि यो सूचना जारी भएको मितिले ३० दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरि एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र

२. कक्षा १२ को छात्रवृत्तिका लागि कक्षा ११ को र कक्षा ११ को छात्रवृत्तिका लागि एस.इ.इ. को प्रमाणपत्रको प्रतिलिपि

३. सामुदायिक विद्यालयको कक्षा ११ वा १२ मा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित विद्यालयको सिफारिस

४. मुक्त कमैया वा कम्लहरी छात्रवृत्तिको लागि सरकारी निकायबाट जारी भएको प्रमाणपत्र/परिचयपत्र/सिफारिसपत्रको प्रमाणित प्रतिलिपि

५. मुस्लिम छात्रवृत्तिको लागि मुस्लिम जातिभित्र सूचिकृत भएको सम्बन्धी सरकारी निकायबाट जारी प्रमाणपत्र/सिफारिस पत्र

६. दलित छात्रवृत्तिका लागि राष्ट्रिय दलित आयोगमा सूचिकृत भएको हुनुपर्ने।

७. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित विद्यालयको सिफारिस पत्र

८. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

९. सम्बन्धित सामुदायिक विद्यालयको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको स्पष्ट बुझिने फोटोकपी)

An/2/0
०८११११२

रेस्मी राज अर्यालय
नि. महानिर्देशक

**नि. महानिर्देशक**

**बोधार्थ:**
**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत निर्देशनालयमा पठाइदिनुहुन।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१

२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६

३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३

४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४

५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०

६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५